लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

च.नं. २०६९-९-१६-४२१

मितिः २०७९/०९/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

विषयः विशेष साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द सम्बन्धमा ।

महोदय,

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन(नेपाल) लिमिटेडको मिति २०७९/०९/०८ को संचालक समितिको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा मिति २०७९ साल माघ महिना ३ गते मंगलवारका दिन बिहान ११:०० बजे काठमाडौंमा बस्ने जानकारी गराउँदै सो विशेष साधारणसभा प्रयोजनका लागि मिति २०७९/०९/२५ गते १(एक) दिन शेयरधनी दर्ता किताब बन्द हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भवदीय,

कम्पनी सचिव

सुदर्शन गिरी

बोधार्थः

१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाडौं ।
३) एसबिआई मर्चेन्ट बैंकिङ् लिमिटेड, हात्तिसार , काठमाडौं ।

संलग्नः
मिति २०७९ पौष १७ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित विशेष साधारण सभा सम्बन्धी सूचना ।

कर्पोरेट कार्यालयः पो.ब.नं.: २१९०५, चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं, नेपाल
फोनः ४०१२६१३, ४०१२६१४, फ्याक्सः ९७७-१-४०१२६१५, इ-मेलः liccorporate@licnepal.com.np

Corporate Office: P.B. No.: 21905, 4th Floor, Star Mall, Putalisadak, Kathmandu, Nepal
Phone: 4012613, 4012614, Fax: 977-1-4012615, E-mail: liccorporate@licnepal.com.np

# लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल (लि.) को विशेष साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति २०७९/०९/१७ को नयाँ पत्रिका दैनिक

**श्री शेयरधनी महानुभावहरु,**

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०७९/०९/०८ को संचालक समितिको निर्णय अनुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरी पारित गर्नका लागि यस कम्पनीको विशेष साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| **मिति** | : २०७९ साल माघ ३ गते मंगलवार (तदअनुसार १७ जनवरी, २०२३) |
| **समय** | : विहान ११.०० बजेबाट शुरु । |
| **रजिष्ट्रेशन** | : विहान १०.०० बाट शुरु । |
| **स्थान** | : लिसारा रिसेप्सन (Lisara Receptions) भगवती बहाल नक्साल, काठमाडौं । |

**छलफलका विषयहरू :**

**(क) विशेष प्रस्तावहरु :**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम भएको चुक्ता पूँजी रू. २,६५,३२,००,०००/- (रू. दुई अर्ब पैसठ्ठी करोड बत्तिस लाख) को ८८.४५१६८% (प्रतिशत) ले हुने अर्थात १: ०.८८४५१६८ को अनुपातले हुने रू. २,३४,६८,००,०००/- (रू. दुई अर्ब चौंतिस करोड अठ्सठ्ठी लाख) बराबरको हकप्रद शेयर (नेपाल बीमा प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति प्राप्त हुन बाँकी ) जारी गर्ने प्रस्ताव पारित गर्ने ।

(२) विशेष प्रस्ताव नं. १ बमोजिम हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही मुताबिक कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक दफाहरु संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(४) कम्पनीको प्रबन्धपत्र र नियमावलीको आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायतका अन्य बिभिन्न नियमनकारी निकायहरू आदि) ले आवश्यक संसोधन, परिमार्जन, थपघट तथा भाषिक संसोधन गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संसोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ख) विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## विशेष साधारण सभा सम्बन्धी थप जानकारी

१. यस विशेष साधारण सभामा प्रयोजनका लागि बीमकको शेयरधनी दर्ता पूस्तिका मिति २०७९ पौष २५ गते एक दिन बन्द रहनेछ । मिति २०७९ पौष २४ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई नियमानुसारको अवधि भित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैकिङ्ग लि.ले प्राप्त शेयर नामसारीको लिखत विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र विशेष साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

२. नावालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।

६. विशेष साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बीमकको कर्पोरेट कार्यालय, स्टार मल, पुतलीसडकमा कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ । बीमकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफुले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वतः बदर भएको मानिनेछ ।

८. यस बीमकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले यस बीमकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

९. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ ।

१०. शभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूलाई आफ्नो आधिकारिक परिचयपत्र सहित शेयरधनी नंबर वा अभौतिकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचय नंबर) साथमा लिई आउनु हुन अनुरोध छ ।

११. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुका सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

**पुनश्चः** विशेष साधारण सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बीमकको बेभसाइट www.licnepal.com.np कम्पनी सचिवको कार्यालय स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

LIC
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
**स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं**
फो.नं.: ०१-४०१२६१३, फ्याक्स: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np